नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

फोन नं. :- ०५७-५२०८९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या :-०७७/७८
च.नं. :-

मिति:- २०७७/०५/३१

**जिल्लाभित्र सार्वजनिक सेवा प्रवाह, बजार/व्यवसाय, उद्योग, बैंक तथा वित्तिय संस्था, यातायात क्षेत्र सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीद्वारा जारी आदेश ।**

मिति २०७७-०५-२६ देखि २०७७-०६-०५ गतेसम्मको लागि मकवानपुर जिल्लाभित्र सार्वजनिक सेवा प्रवाह, बजार/व्यवसाय, उद्योग, बैंक तथा वित्तिय संस्था, यातायात क्षेत्र सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीद्वारा मिति २०७७-०५-२४ गते जारी गरिएको आदेश जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७ भाद्र ३१ गतेको निर्णय समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) एवं संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम देहायअनुसार परिमार्जन गरी मिति २०७७-०६-०१ देखि अर्को आदेश नभएसम्मका लागि यो आदेश जारी गरिएको छ । यस आदेशको बर्खिलाप भए, गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशील:-

१. सरकारी कार्यालय, सार्वजनिक संस्थान, बैंक तथा वित्तिय संस्था एवं सहकारी र अन्य संघ संस्थाहरूबाट हुने सेवा प्रवाहका सम्बन्धमा
   - सरकारी कार्यालय, सार्वजनिक संस्थान, बैंक तथा वित्तिय संस्था एवं सहकारी र अन्य संघ संस्थाहरूले नियमित सेवा सञ्चालन गर्ने । यसरी सेवा सञ्चालन गर्दा स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना गरी, गराई सम्बन्धित कार्यालय प्रमुखले आवश्यक व्यवस्थापन गर्ने ।

२. होटल, रेष्टुरेन्ट, लज एवं रिसोर्टहरूका सम्बन्धमा
   - रेष्टुरेन्ट तथा अन्य खाजा घरहरूबाट खाजा तथा खाना प्याकिङ तथा Take Away सेवा मात्र सञ्चालन गर्ने । यि सेवाहरू विहान १०:०० देखि दिनको ४:०० बजेसम्म सञ्चालन गर्ने । तर, वास बस्ने सुविधा भएका होटल तथा लजहरूले वास बस्ने सुविधा उपलब्ध गराउने प्रयोजनको लागि मात्र राती ९:०० बजेसम्म सञ्चालन गर्ने ।

३. सार्वजनिक तथा निजी यातायातका सम्बन्धमा
   - सार्वजनिक र निजी यातायातका साधनहरू नेपाल सरकारद्वारा जारी गरिएको स्वास्थ्य एवं सुरक्षाका मापदण्ड एवं अन्य निर्देशनहरू अनिवार्यरूपमा पालना गरी, गराई सञ्चालन गर्ने ।

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

- तोकिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्ड एवं अन्य निर्देशनहरू पालना नगरी यातायातका साधनहरू सञ्चालन गरेको पाइएमा तत्काल कानूनी कारवाहीको दायरामा ल्याउने ।

**४. बजार व्यवस्थापन सम्बन्धमा**

- खाद्यान्न, तरकारी र दुध तथा दुग्धजन्य पदार्थ विक्री वितरण गर्ने पसल/व्यवसाय विहान ५:०० देखि १०:०० बजेसम्म र बुँदा नं. ९ मा उल्लेख भएका बाहेक अन्य सबै किसिमका पसल/व्यवसायहरू विहान १०:०० देखि दिनको ४:०० बजेसम्म मात्र खुल्ला रहने । यस कार्यको संयोजन मकवानपुर उद्योग वाणिज्य संघले गर्ने ।
- स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना नगर्ने व्यवसायीहरूलाई तत्काल् पसल/ व्यवसाय बन्द गराई कारवाहीको दायरामा ल्याउने ।

**५. उद्योग क्षेत्र व्यवस्थापन**

- उद्योग सञ्चालन गर्दा सम्भव भएसम्म उद्योग परिसरभित्रै कर्मचारी तथा श्रमिक राख्ने व्यवस्था मिलाउने ।
- कर्मचारी तथा कामदार घर फर्किसकेपश्चात समुदायमा घुलमिल नहुने व्यवस्था सम्बन्धित उद्योगले मिलाउने, सो को आवश्यक अनुगमन निरीक्षण गर्ने र नियमितरूपमा DCCMC को बैठकमा प्रतिवेदन पेश गर्ने । यस कार्यको संयोजन उद्योग संघ, मकवानपुर र मकवानपुर उद्योग वाणिज्य संघले गर्ने ।
- बाहिरी जिल्लाबाट अति आवश्यक कार्यको लागि श्रमिक एवं कर्मचारी ल्याउनुपर्ने भएमा RT-PCR Test गराई Negative रिपोर्ट प्राप्त भएको अवस्थामा मात्र ७२ घण्टाभित्र ल्याईसक्नुपर्ने ।
- तोकिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना नगरी उद्योग सञ्चालन गरेको पाइएमा तत्काल उद्योग बन्द गरी कारवाहीको दायरामा ल्याउने ।

**६. सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय सम्बन्धमा**

- उत्पादनदेखि विक्री वितरणसम्मका सबै श्रृङ्खला खुला गर्ने ।

**७. विकास आयोजना तथा निर्माण कार्य सम्बन्धमा**

- विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धित समेत) र निर्माण कार्य (निजी समेत) सञ्चालन गर्न सकिने ।
- यसरी विकास आयोजना तथा निर्माण कार्य सञ्चालन गर्दा आयोजनास्थल वा निर्माणस्थलमा नै कामदार तथा कर्मचारी रहने व्यवस्था मिलाउनु पर्ने ।
- बाहिरी जिल्लाबाट अति आवश्यक कार्यको लागि श्रमिक एवं कर्मचारी ल्याउनुपर्ने भएमा RT-PCR Test गराई Negative रिपोर्ट प्राप्त भएको अवस्थामा मात्र ७२ घण्टाभित्र ल्याईसक्नुपर्ने ।

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

- तोकिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना नगरी आयोजना तथा निर्माण कार्य सञ्चालन गरेको पाइएमा तत्काल निर्माण कार्य बन्द गरी कारवाहीको दायरामा ल्याउने ।

८. माथि उल्लेखित क्षेत्रभित्रका गतिविधि सञ्चालन गर्दा अनिवार्यरूपमा नेपाल सरकारद्वारा लागू गरिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना गर्नुपर्ने छ ।

९. देहाय बमोजिमका सेवा र कार्यहरू अर्को सूचना नभएसम्मका लागि सञ्चालन नगर्ने
- शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),
- शैक्षिक र अन्य परीक्षा सञ्चालन,
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
- सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
- सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,
- पुस्तकालय, सङ्ग्राहलय र चिडियाखाना,
- स्पा, सैलुन तथा ब्युटी पार्लर,
- स्वमिङ पुल, जिमखानालगायतका हेल्थ क्लब,
- समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,
- अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल,
- सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल ।

क राज नेपाल
प्रमुख जिल्ला अधिकारी